नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: ८५

मितिः२०८२/०४/२६

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै),

श्री राष्ट्रिय किताबखाना, (निजामति), हरिहरभवन, ललितपुर ।

**विषयः जानकारी सम्वन्धमा ।**

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प.सं. २०८१/०८२ च.नं. भ्र.नि./५२१/७२८१, मिति २०८२/०३/१७ को पत्र साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंको **सम्पत्ति विवरण बझाउनुपर्ने विषयको निर्णय कार्यान्वयन सम्बन्धी पत्र** आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

बोधार्थः-

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सुशासन, भ्रष्टाचार नियन्त्रण, तथा कर्मचारी पृष्ठपोषण शाखा, सिंहदरवार ।

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौ ।

श्री सूचना प्रविधि शाखा, सबै गाउँ/नगरपालिकाको ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाईटमा अपलोड गरिदिनु हुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००५११/४२००३०४
ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेबसाईट:- www.mofaga.gov.np

८
दर्ता
५२१
३।१८

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सुशासन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखा

सिंहदरबार, काठमाण्डौं

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय सिंहदरबार, काठमाडौं

प.सं. :- ०८१/८२

च.नं. :- भ्र.नि./५२१/७२८१

मिति :- वि.सं. २०८२/०३/१७

विषयः आवश्यक कार्यार्थ निवेदन पठाइएको सम्बन्धमा।

अत्यन्त जरुरी
गोप्य

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं।

उपरोक्त सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र सङ्ख्या ६/ २०८१-८२( सम्पति विवरण) च.नं. ६२४५६ मिति २०८२/०३/१० को पत्रबाट निर्णय कार्यान्वयन विषयक पत्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यलयमा प्राप्त भएको, उक्त पत्रमा सम्पत्ति विवरण वुझाउनुपर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नीतिगत सुझावहरु दिइएको र ती सुझावहरु कार्यान्वयनको विषय तहाँ मन्त्रालयसँग सम्बन्धित देखिएकोले आवश्यक कार्यार्थ आयोगको पत्रको प्रतिलिपि यसै पत्रसाथ संलग्न गरी पठाएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

२०८२/०३/१७

(सूर्य वहादुर वस्नेत)
शाखा अधिकृत

बोधार्थः

श्री अख्तियार दुरूपयोग अनुसन्धान आयोग
महाशाखा नं ६
टंगाल, काठमाडौं ।

श्री संघीय मामिला महाशाखा
सम्बन्धित निकायहरुमा परिपत्र गर्नु
२०८२/३/१७

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ११५४
दर्ता मिति:- ०८२।३।१७

श्री व्या.त.स.शाखा
आदेशानुसार गर्नु।
३/१८

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं
(महाशाखा नं. ६)

अत्यन्त जरुरी/गोप्य

पत्र सङ्ख्या :-६/२०८१-८२(सम्पत्ति विवरण)
चलानी नं. :-६२४५६

मितिः २०८२/०३/१०
ने.सं. ११४५, तछलागा चतुर्दशी

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा आर्थिक वर्ष २०८०/८१ को सम्पत्ति विवरण फाराम भरी तोकिएको समय भित्र पेश नगर्ने सार्वजनिक पद धारण गरेका पदाधिकारी/कर्मचारीहरूको विवरण समावेश भएको "सम्पत्ति विवरण अनुगमन प्रतिवेदन (आर्थिक वर्ष २०८०/८१)" राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त भई आयोगको बैठकमा पेश हुँदा सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्थालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न देहाय अनुसार नीतिगत व्यवस्था गर्नका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउने भनी आयोगबाट मिति २०८२/०३/०४ मा निर्णय भएकाले उक्त निर्णय कार्यान्वयनका लागि अनुरोध छ।

<u>देहाय</u>

क. संघ, प्रदेश र स्थानीय तहले सम्पत्ति विवरण बुझाउनु पर्ने दायित्त्वका सम्बन्धमा पर्याप्त जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,

ख. शुरु नियुक्ति हुने राष्ट्रसेवकलाई सम्पत्ति विवरण फाराम भरे पश्चात मात्र नियुक्ति पत्र दिने व्यवस्था गर्ने,

ग. राष्ट्रिय किताबखाना (निजामती, शिक्षक र प्रहरी), प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहले सम्पत्ति विवरणका बन्दी खामहरूको उचित व्यवस्थापन र संरक्षण गर्ने,

घ. राष्ट्रिय किताबखाना (निजामती, शिक्षक र प्रहरी) ले सम्पत्ति विवरण फारामलाई अनलाईन प्रविधि मार्फत् प्राप्त गर्ने ब्यवस्था मिलाउन आवश्यक पहल गर्ने,

ङ. अनलाईन सफ्टवेयरमा सम्पत्ति विवरण सम्बन्धी तथ्याङ्क प्रविष्टि गर्ने कार्यलाई स्थानीय तहहरुले प्राथमिकता दिने,

२०८२/०३/१०

(विष्णुराज बेल्बासे)
उपसचिव

शासकीय मामिला सचिवालय
दर्ता नं. २०४६
मिति ३/१३